सदाचार निष्पक्षता निर्भीकता

# अख्तियार इ-बुलेटिन

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको लागि प्रकाशित)

बर्ष २१ अंक २ कार्तिक, २०८२

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं ।



## यस अंकमा


- उजुरी दर्ता र कारबाहीको विवरण
- **२०८२ साउनदेखि असोजसम्म दायर भएका मुद्दाहरूको विवरण**
- **२०८२ साउनदेखि असोजसम्म** घुस/रिसवतसम्बन्धी कारबाहीको विवरण
- आयोगमा रहेको कूल उजुरी तथा फछ्यौंट संख्या
- विशेष अदालतमा दायर भएका आरोपपत्रहरूको संख्या
- विशेष अदालतबाट भएको फैसला र आयोगबाट भएको पुनरावेदन
- आयोगबाट भएको भ्रष्टाचार नियन्त्रणसम्बन्धी निरोधात्मक, प्रवर्धनात्मक तथा संस्थागत क्षमता विकाससम्बन्धी कार्यहरूको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण


## सम्पादकीय


अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक निकाय हो। सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने, अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने र सार्वजनिक पद धारण गरेको व्यक्तिको कामकारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्ने जिम्मेवारी संवैधानिक रुपमा आयोगलाई प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शीता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आयोगले सम्पादन गरेका कामकारबाही, उपलब्धि र भए/गरेका गतिविधि समेटी विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा इ-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको

क्रमश...

## कार्यालयगत उजुरी र फछ्यौंटको अवस्था स्तम्भचित्रमा




**प्रकाशन तथा सम्पादन**

सूचना समन्वय शाखा

महाशाखा नं. १०

टंगाल, काठमाण्डौं

https://www.ciaa.gov.np इमेल: ujuri@ciaa.gov.np फोन नं. ०१-५२६२१५१,०१-५२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

## आयोगका पदाधिकारीहरू



**माननीय प्रमुख आयुक्त**
प्रेम कुमार राई



**माननीय आयुक्त**
किशोर कुमार सिलवाल



**माननीय आयुक्त**
जय बहादुर चन्द



**माननीय आयुक्त**
डा. हरि पौडेल



**माननीय आयुक्त**
डा. सुमित्रा श्रेष्ठ अमात्य



**सचिव**
नारायणप्रसाद शर्मा दुवाडी

# सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न स्थापित संवैधानिक निकाय हो। सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुन बमोजिम अनुसन्धान गर्ने, अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने र सार्वजनिक पद धारण गरेको व्यक्तिको कामकारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा आवश्यक कारबाहीको लागि सम्वन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्ने जिम्मेवारी संवैधानिक रुपमा आयोगलाई प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शीता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आयोगले सम्पादन गरेका कामकारबाही, उपलब्धि र भए गरेका गतिविधि समेटी विगतदेखि नै आयोगबाट अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा इ-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हक सम्बन्धी व्यवस्था छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्वन्धित सूचना प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था छ। उक्त कानुनी व्यवस्था अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक त्रैमासिक अवधिमा सम्पन्न गरेका मुख्य मुख्य क्रियाकलापहरू समावेश गरी स्वतः प्रकाशनको रुपमा इ-बुलेटिन सार्वजनिक गर्दै आएको छ।

आ.व. २०८२/८३ को पहिलो त्रैमासिक (साउन-असोज) अवधिमा ७,७५६ वटा उजुरी परेका र गत आ.व. २०८१/८२ बाट जिम्मेवारी सरेर आएका ७,३२३ उजुरीसमेत गरी कुल १५,०७९ उजुरी रहेका छन्। पहिलो त्रैमासिक अवधिमा ५,१७२ उजुरी फछ्र्यौट भएका छन्। फछ्र्यौट हुन बाँकी ९,९०७ उजुरी अनुसन्धानको क्रममा रहेका छन्। फछ्र्यौट भएकामध्ये यस अवधिमा ११८ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, १,३०६ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, १,१७१ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र २,५६५ वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगबाट यस अवधिमा २२ वटा आरोपपत्रहरू सम्मानित विशेष अदालतमा दायर गरिएको र सोबापत ११० जनालाई प्रतिवादी बनाई बिगो रु. रु. २५,००,७१,८०७।८३ मागदाबी लिइएको छ। आयोगबाट यस अवधिमा घुस/रिसवतसम्बन्धी ८ वटा कारबाही भएको र यसबाट रु १६,४१,८५०।-रकम जफत हुनुका साथै घुस/रिसवतसँग जोडिएका ९ जना व्यक्तिहरूलाई नियन्त्रणमा लिई कारबाहीको प्रक्रिया अघि बढाइएको छ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्ने अभियानमा आयोगको एक्लो प्रयास मात्र सार्थक नहुने हुँदा नेपाल सरकारका सबै निकाय, सार्वजनिक सेवा प्रदायक संस्था, सरोकारवाला निकाय एवं प्रबुद्ध नागरिक समाज र सञ्चार जगतले समेत आ-आफ्नो ठाउँबाट भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँदै आगामी दिनमा थप सशक्त र प्रभावकारी भूमिका निभाउन जरुरी छ।

अन्त्यमा, आयोगले गर्दै आएका कार्यक्रमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनु भएका सबैप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछौं। आफ्नो नजिकमा भएका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारका सूचनाहरू सदाझैं आफूलाई पायक पर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौं वा आयोग अन्तर्गतका कार्यालयहरूमा दिनुहुन अनुरोध गर्दछौं।

## सम्पादक समूह

| | | |
|---|---|---|
| सचिव श्री नारायणप्रसाद शर्मा दुवाडी | : | अध्यक्ष |
| सहसचिव श्री राजेन्द्र कुमार पौडेल | : | सदस्य |
| उपसचिव श्री गणेश बहादुर अधिकारी | : | सदस्य |
| तथ्याङ्क अधिकृत श्री प्रेम कुमार घिमिरे | : | सदस्य |

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल

## आ.व. २०८२/८३ को पहिलो त्रैमासिक (साउन-असोज) को प्रगति विवरण

### १. आयोगको स्वरूप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्न नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र चारजना आयुक्तहरू रहने संवैधानिक व्यवस्था रहेको र नियुक्तिको मितिले प्रमुख आयुक्त र अन्य आयुक्तको पदावधि छ वर्षको हुनेछ।संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रमुख आयुक्त र आयुक्तको नियुक्ति हुने प्रावधान छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू**

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | श्री प्रेम कुमार राई |
| माननीय आयुक्त | श्री किशोर कुमार सिलवाल |
| माननीय आयुक्त | श्री जय बहादुर चन्द |
| माननीय आयुक्त | डा. हरि पौडेल |
| माननीय आयुक्त | डा. सुमित्रा श्रेष्ठ अमात्य |

संविधानको धारा २३९ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था रहको छ। आयोगले अनुसन्धान गर्ने वा मुद्धा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछन।

**आयोग र मातहतका कार्यालयहरू**

आयोगको केन्द्रीय कार्यालय, टङ्गाल, काठमाडौंमा रहेको छ। आयोग मातहत देहायका ८ वटा कार्यालयहरू रहेका छन् :

| सि.नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७<br>०१५२६२१५१ | ०१-५२६२१२८<br>०१५२६२१०४ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२३२७७ | ०५७-५२०३६९ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५७२७०१<br>०६१-५७२७०२ | |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५३००३१<br>०७१-५३१९५८<br>०७१-५३०८३७ | ०७१-५४०८२३ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

**२. आयोगको काम, कर्तव्य र अधिकार**

(१) नेपालको संविधानको भाग २१ को धारा २३९ (१) बमोजिम कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि सङ्घीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुनबमोजिम हुनेछ।

संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउनेसम्बन्धी व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई भ्रष्टाचारका उजुरी सम्बन्धमा अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउन आवश्यक पर्ने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। जसअन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादन हुने गरेको छः

- विद्यमान ऐन, नियम वा प्रचलनमा कुनै त्रुटि भए सुधार गर्न सुझाव दिने।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्धनात्मक कार्यहरू गर्ने।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने।

## ३. आयोगमा रहेको जनशक्ति र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिजबमोजिम आयोगको केन्द्रीय कार्यालय, टङ्गालमा १२ वटा महाशाखाहरू सहित ५१२ जनाको दरबन्दी रहेको छ। त्यसैगरी आयोग मातहतका ८ वटा कार्यालयहरूमा जम्मा ४७८ जनाको दरबन्दी रही आयोगमा कुल ९९० जना कर्मचारीहरूको देहायअनुसारको दरबन्दी रहेको छः-

| श्रेणी/कार्यालय | टङ्गाल | इटहरी | बर्दिबास | हेटौंडा | पोखरा | बुटवल | नेपालगञ्ज | सुर्खेत | कञ्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प.द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प.तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृत स्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | ५१ |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५५ |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११६ |
| श्रेणीविहीन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | १७९ |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

यस अनुसारको स्वीकृत दरबन्दीमा आयोगमा स्थायी कर्मचारीका अतिरिक्त केही करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ।

## ४. आयोगबाट प्रदान गरिने सेवा

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था नेपालको संविधानमा रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीसमेतको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्ने व्यवस्था गरेअनुसार भ्रष्टाचारसम्बन्धी उजुरी आयोगका सबै कार्यालयहरूमा दर्ता हुने व्यवस्था गरिएको छ।

आयोगमा विचाराधीन वा अनुसन्धानको अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित सूचना/जानकारी र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो सूचना/जानकारी र

कागजातको नक्कल उपलब्ध हुँदैन। त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा समेत कुनै सूचना उपलब्ध हुँदैन।

तर आयोगबाट हाल मुद्दा नचल्ने गरी तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ।

आयोगमा दर्ता गराएको कुनै उजुरीउपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर नपर्ने गरी सूचना उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

आयोगमा उपस्थित भई भ्रष्टाचारसम्बन्धी उजुरी दर्ताको लागि आयोगमा मूल दर्ता शाखा रहेको छ। आयोगको वेबसाइटमा रहेको अनलाइन उजुरी दर्ता प्रणाली मार्फत पनि उजुरी दर्ता गर्न सकिन्छ। आयोगको हटलाइन नम्बर १०७ मा आउने उजुरीहरू प्रहरी महाशाखा र टोल फ्रि नम्बर तथा इमेलमार्फत आउने उजुरीहरू नीति तथा योजना महाशाखाबाट व्यवस्थापन हुने गरेको छ।

आयोगबाट मुद्दा नचल्ने भई तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल सम्बन्धित अधिकृतले कानुनबमोजिम उपलब्ध गराउने छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगका सूचना अधिकारीको हुनेछ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदान हुने सेवाका लागि सामान्यतः कुनै शुल्क दस्तुर लाग्दैन। आयोगमा उपलब्ध हुने कागजातको नक्कल लिन चाहने सरोकारवाला नेपाली नागरिकले प्रतिपाना रु. ५/- का दरले नक्कल दस्तुरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को अनुसूची-१५ बमोजिमको ढाँचामा आयोगमा निवेदन दिनु पर्नेछ। दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्नेछ। तर कुनै सरकारी कार्यालयलाई नक्कल प्रदान गर्दा दस्तुर लिइने छैन। सूचनाको हकसम्बन्धी ऐन, नियमबमोजिम सूचना मागकर्तालाई माग भएको सूचनाको प्रकृति हेरी बढीमा १५ दिनभित्र सूचना उपलब्ध हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. उजुरीसम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरू दर्ता पश्चात स्क्रिनिङ्ग समितिमा छलफल भई छानबिन तथा अनुसन्धान गर्नुपर्ने प्रकृतिका उजुरीहरू भए सम्बन्धित महाशाखा/ आयोगका कार्यालयहरूमा पठाइन्छ। साथै, उजुरीसँग सम्बन्धित विषय आवश्यकता अनुसार नेपाल सरकारका अन्य कार्यालय वा पदाधिकारीलाई समेत लेखी पठाइन्छ। आयोगको कार्यालय वा सम्बन्धित निकायमा लेखी पठाइएका उजुरीहरू आयोगको महाशाखाबाट लगतकट्टा गरिनेछ।
- प्राप्त उजुरी उपर अनुसन्धान अधिकृतले अनुसन्धान सम्पन्न गरी आयोग समक्ष पेश गरेको प्रतिवेदन उपर आयोगबाट भएको निर्णय बमोजिम सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने वा नगर्ने गरिन्छ।

### ख. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सूचना उपलब्ध गराउने अधिकारीः माग भएको सूचनाको विषय/प्रकृतिअनुसार आयोगका सूचना अधिकारीले सूचना मागकर्तालाई सूचना उपलव्ध गराउने छन्।
- पुनरावेदनको प्रक्रिया र पदाधिकारीः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार सूचना अधिकारीबाट उपलब्ध सूचनामाथि चित्त नबुझेमा वा सूचना नै नपाएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ बमोजिम आयोगका प्रमुखसमक्ष उजुरी दिन सकिनेछ।

## ८. नक्कल र सूचना लिनेसम्बन्धी प्रक्रिया

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा तोकिएको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्नेछ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूची १५ बमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूल दर्तामा दर्ता गराउनु पर्नेछ। साथै, यस्तो निवेदन आयोगको इमेल suchana@ciaa.gov.np मा समेत पठाउन सकिनेछ।
- आयोगबाट मुद्दा नचल्ने वा तामेलीमा राख्ने निर्णय भएका विषयसँग सम्वन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्यणको प्रतिलिपि/नक्कल सम्वन्धित अधिकृतले उपलव्ध गराउने छ।
- आयोगमा दिएको बयान वा आयोगको निर्यणको प्रतिलिपि/नक्कल माग गर्ने सरोकारवालाले तामेलीमा रहेको मिसिलको तामेली नम्बर खुलाउनु पर्नेछ।
- तामेलीमा भएका निर्णयको नक्कल दिने निर्णय भएमा तामेली शाखा प्रमुखले नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित नक्कल सरोकारवालालाई उपलब्ध गराउनु पर्नेछ।

- सूचना माग गर्ने व्यक्ति सूचनासँग सरोकार राख्ने व्यक्ति वा उजुरीकर्ता भएको हुनु पर्नेछ। साथै, नेपाल सरकारबाट जारी भएको आफ्नो परिचय खुल्ने कागजातसमेत पेश गर्नुपर्दछ। यसरी सूचना माग गर्दा उजुरी दर्ता नम्बर स्पष्ट रुपमा खुली आएको हुनु पर्नेछ।

**९. सम्पादन गरेको कामको विवरण:**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयन गर्ने प्रयोजनार्थ आ.व. २०८२/८३ को यस त्रैमासिक अवधिमा आयोगले सम्पादन गरेका प्रमुख कार्यहरूलाई सम्पादित कार्यहरुको त्रैमासिक (साउन-असोज) विवरण (पेज १९-४६) मा प्रस्तुत गरिएको छ:

**१०. प्रवक्ता एवं सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.**

**प्रवक्ताः -** सहसचिव- राजेन्द्र कुमार पौडेल सम्पर्क : ९८५१२३३२८१

**सूचना अधिकारीः-** उपसचिव- श्री गणेश बहादुर अधिकारी सम्पर्क : ९८५११८७३०८

आयोग मातहतका ७ वटा कार्यालय र आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय, नेपालगन्जका सूचना अधिकारीहरूको नाम र सम्पर्क टेलिफोन नम्बर देहायअनुसार रहेको छः-

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलिफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ.कार्यालय, इटहरी | उपसचिव श्री रोशन अर्याल | ९८५२०७०३३३ |
| अ.दु.अ.आ.कार्यालय, बर्दिबास | उपसचिव श्री झरेन्द्र प्रसाद चापागाई | ९८५४०७९१११ |
| अ.दु.अ.आ.कार्यालय, हेटौडा | उपसचिव श्री विमोचन घिमिरे | ९८४५८२८४०५ |
| अ.दु.अ.आ.कार्यालय, पोखरा | उपसचिव श्री अनम सुबेदी | ९८५६०७७१८९ |
| अ.दु.अ.आ.कार्यालय, बुटवल | उपसचिव श्री गीता आचार्य | ९८५७०७५०३१ |
| अ.दु.अ.आ.कार्यालय, सुर्खेत | शाखा अधिकृत धर्मराज बुढा | ९८५८०७३६६६ |
| अ.दु.अ.आ.कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्ज | शाखा अधिकृत श्री कुशल न्यौपाने | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कञ्चनपुर | शाखा अधिकृत चेतराज भट्ट | ९८५८७५२३७७ |

## ११. संविधान, ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९
- प्रमाण ऐन, २०३१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- अभियोजन मार्ग दर्शन, २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८२/८३ को बजेट विनियोजन र पहिलो त्रैमासिकसम्मको खर्च, राजस्व र धरौटीको विवरण देहायअनुसार छः-

म.ले.प. फाराम नं:२१०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००११३

**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)

**आर्थिक वर्ष:** २०८२/८३

**महिना:** असोज

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **21111 पारिश्रमिक कर्मचारी** | | | | | **३०३,१९८,०००.००** | **७५,७६४,११८.९८** | **१९,८२८,००२.९८** | **५५,९३६,११६.००** | **७५,७६४,११८.९८** | **०.००** | **७५,७६४,११८.९८** | **२२७,४३३,८८१.०२** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३०३,१९८,०००.०० | ७५,७६४,११८.९८ | १९,८२८,००२.९८ | ५५,९३६,११६.०० | ७५,७६४,११८.९८ | ०.०० | ७५,७६४,११८.९८ | २२७,४३३,८८१.०२ |
| **21121 पोशाक** | | | | | **३,१३२,०००.००** | **२७४,०००.००** | **२७४,०००.००** | **१०,०००.००** | **२८४,०००.००** | **०.००** | **२८४,०००.००** | **२,८४८,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,१३२,०००.०० | २७४,०००.०० | २७४,०००.०० | १०,०००.०० | २८४,०००.०० | ०.०० | २८४,०००.०० | २,८४८,०००.०० |
| **21122 खाद्यान्न** | | | | | **१७,५४४,०००.००** | **२,६०२,९९८.८७** | **८६५,६२५.८४** | **१,७३७,३७३.०३** | **२,६०२,९९८.८७** | **०.००** | **२,६०२,९९८.८७** | **१४,९४१,००१.१३** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १७,५४४,०००.०० | २,६०२,९९८.८७ | ८६५,६२५.८४ | १,७३७,३७३.०३ | २,६०२,९९८.८७ | ०.०० | २,६०२,९९८.८७ | १४,९४१,००१.१३ |
| **21132 महंगी भत्ता** | | | | | **११,१८४,०००.००** | **५,३०९,०७७.४१** | **१,७२६,९१६.१२** | **३,५८२,१६१.२९** | **५,३०९,०७७.४१** | **०.००** | **५,३०९,०७७.४१** | **५,८७४,९२२.५९** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ११,१८४,०००.०० | ५,३०९,०७७.४१ | १,७२६,९१६.१२ | ३,५८२,१६१.२९ | ५,३०९,०७७.४१ | ०.०० | ५,३०९,०७७.४१ | ५,८७४,९२२.५९ |
| **21135 कर्मचारी प्रोत्साहन तथा पुरस्कार** | | | | | **२७९,७६७,०००.००** | **२८,४५१,१८९.६४** | **१४,३२४,५०३.८०** | **१४,१२६,६८५.८४** | **२८,४५१,१८९.६४** | **०.००** | **२८,४५१,१८९.६४** | **२५१,३१५,८१०.३६** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २७९,७६७,०००.०० | २८,४५१,१८९.६४ | १४,३२४,५०३.८० | १४,१२६,६८५.८४ | २८,४५१,१८९.६४ | ०.०० | २८,४५१,१८९.६४ | २५१,३१५,८१०.३६ |
| **21139 अन्य भत्ता** | | | | | **५,०२५,०००.००** | **१९१,०००.००** | **२०,०००.००** | **१७१,०००.००** | **१९१,०००.००** | **०.००** | **१९१,०००.००** | **४,८३४,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,०२५,०००.०० | १९१,०००.०० | २०,०००.०० | १७१,०००.०० | १९१,०००.०० | ०.०० | १९१,०००.०० | ४,८३४,०००.०० |
| **21212 योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च** | | | | | **१,४०७,०००.००** | **१०,३२४.८६** | **१,७२१.३४** | **८,६०३.५२** | **१०,३२४.८६** | **०.००** | **१०,३२४.८६** | **१,३९६,६७५.१४** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४०७,०००.०० | १०,३२४.८६ | १,७२१.३४ | ८,६०३.५२ | १०,३२४.८६ | ०.०० | १०,३२४.८६ | १,३९६,६७५.१४ |
| **21213 योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **२,२०२,०००.००** | **४२४,०१२.९०** | **१३८,०००.००** | **२८६,०१२.९०** | **४२४,०१२.९०** | **०.००** | **४२४,०१२.९०** | **१,७७७,९८७.१०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,२०२,०००.०० | ४२४,०१२.९० | १३८,०००.०० | २८६,०१२.९० | ४२४,०१२.९० | ०.०० | ४२४,०१२.९० | १,७७७,९८७.१० |
| **22111 पानी तथा बिजुली** | | | | | **१०,३००,०००.००** | **५२७,२०१.४३** | **३३६,७६९.४७** | **३५०,९५६.८२** | **६८७,७२६.२९** | **०.००** | **६८७,७२६.२९** | **९,६१२,२७३.७१** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १०,३००,०००.०० | ५२७,२०१.४३ | ३३६,७६९.४७ | ३५०,९५६.८२ | ६८७,७२६.२९ | ०.०० | ६८७,७२६.२९ | ९,६१२,२७३.७१ |
| **22112 संचार महसुल** | | | | | **८,६००,०००.००** | **७९,०८६.००** | **२८,९५०.००** | **७५,३४१.००** | **१०४,२९१.००** | **०.००** | **१०४,२९१.००** | **८,४९५,७०९.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,६००,०००.०० | ७९,०८६.०० | २८,९५०.०० | ७५,३४१.०० | १०४,२९१.०० | ०.०० | १०४,२९१.०० | ८,४९५,७०९.०० |
| **22212 इन्धन (कार्यालय प्रयोजन)** | | | | | **३६,०२३,०००.००** | **४,२७८,५९९.९८** | **२,८९८,३२८.००** | **१,७२५,४७९.९८** | **४,६२३,८०७.९८** | **१,८००,०००.००** | **२,८२३,८०७.९८** | **३१,३९९,१९२.०२** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३६,०२३,०००.०० | ४,२७८,५९९.९८ | २,८९८,३२८.०० | १,७२५,४७९.९८ | ४,६२३,८०७.९८ | १,८००,०००.०० | २,८२३,८०७.९८ | ३१,३९९,१९२.०२ |
| **22213 सवारी साधन मर्मत खर्च** | | | | | **१८,०००,०००.००** | **२,५४१,२१४.४३** | **३,५००.००** | **३,८३५,५८८.४३** | **३,८३९,०८८.४३** | **०.००** | **३,८३९,०८८.४३** | **१४,१६०,९११.५७** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १८,०००,०००.०० | २,५४१,२१४.४३ | ३,५००.०० | ३,८३५,५८८.४३ | ३,८३९,०८८.४३ | ०.०० | ३,८३९,०८८.४३ | १४,१६०,९११.५७ |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **22214 बीमा तथा नवीकरण खर्च** | | | | | **३,६१०,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **३,६१०,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,६१०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,६१०,०००.०० |
| **22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **८,४२०,०००.००** | **५३५,३१६.०६** | **०.००** | **५३५,३१६.०६** | **५३५,३१६.०६** | **०.००** | **५३५,३१६.०६** | **७,८८४,६८३.९४** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,४२०,०००.०० | ५३५,३१६.०६ | ०.०० | ५३५,३१६.०६ | ५३५,३१६.०६ | ०.०० | ५३५,३१६.०६ | ७,८८४,६८३.९४ |
| **22231 निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च** | | | | | **२,१००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **२,१००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,१००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,१००,०००.०० |
| **22311 मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **३२,९९८,०००.००** | **६,४४०,९७५.३०** | **६,६३०,२५४.००** | **४,०१४,४१३.७८** | **१०,६४४,६६७.७८** | **०.००** | **१०,६४४,६६७.७८** | **२२,३५३,३३२.२२** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३२,९९८,०००.०० | ६,४४०,९७५.३० | ६,६३०,२५४.०० | ४,०१४,४१३.७८ | १०,६४४,६६७.७८ | ०.०० | १०,६४४,६६७.७८ | २२,३५३,३३२.२२ |
| **22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च** | | | | | **१५,१६९,०००.००** | **७५०,८६६.००** | **४४,६१०.००** | **८४५,२४२.७५** | **८८९,८५२.७५** | **०.००** | **८८९,८५२.७५** | **१४,२७९,१४७.२५** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १५,१६९,०००.०० | ७५०,८६६.०० | ४४,६१०.०० | ८४५,२४२.७५ | ८८९,८५२.७५ | ०.०० | ८८९,८५२.७५ | १४,२७९,१४७.२५ |
| **22411 सेवा र परामर्श खर्च** | | | | | **८,६००,०००.००** | **६३५,३६१.००** | **१७९,१६१.००** | **४६२,२००.००** | **६४१,३६१.००** | **०.००** | **६४१,३६१.००** | **७,९५८,६३९.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,६००,०००.०० | ६३५,३६१.०० | १७९,१६१.०० | ४६२,२००.०० | ६४१,३६१.०० | ०.०० | ६४१,३६१.०० | ७,९५८,६३९.०० |
| **22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च** | | | | | **५,५००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **५,५००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,५००,०००.०० |
| **22413 करार सेवा शुल्क** | | | | | **५२,१६१,०००.००** | **९,६०४,८८४.८८** | **२,६१२,०५९.४४** | **७,४३६,७३३.८८** | **१०,०४८,७९३.३२** | **०.००** | **१०,०४८,७९३.३२** | **४२,११२,२०६.६८** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५२,१६१,०००.०० | ९,६०४,८८४.८८ | २,६१२,०५९.४४ | ७,४३६,७३३.८८ | १०,०४८,७९३.३२ | ०.०० | १०,०४८,७९३.३२ | ४२,११२,२०६.६८ |
| **22511 कर्मचारी तालिम खर्च** | | | | | **२२,५००,०००.००** | **५७८,३४९.७०** | **५८०,८३०.१०** | **-२,४८०.४०** | **५७८,३४९.७०** | **०.००** | **५७८,३४९.७०** | **२१,९२१,६५०.३०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २२,५००,०००.०० | ५७८,३४९.७० | ५८०,८३०.१० | -२,४८०.४० | ५७८,३४९.७० | ०.०० | ५७८,३४९.७० | २१,९२१,६५०.३० |
| **22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च** | | | | | **८,२००,०००.००** | **८८८,५३९.३४** | **०.००** | **८८८,५३९.३४** | **८८८,५३९.३४** | **०.००** | **८८८,५३९.३४** | **७,३११,४६०.६६** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,२००,०००.०० | ८८८,५३९.३४ | ०.०० | ८८८,५३९.३४ | ८८८,५३९.३४ | ०.०० | ८८८,५३९.३४ | ७,३११,४६०.६६ |
| **22529 विविध कार्यक्रम खर्च** | | | | | **२४,६००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **२४,६००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २४,६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २४,६००,०००.०० |
| **22612 भ्रमण खर्च** | | | | | **४९,००९,०००.००** | **८६१,८०९.००** | **५४४,९०९.००** | **६५९,१६८.००** | **१,२०४,०७७.००** | **०.००** | **१,२०४,०७७.००** | **४७,८०४,९२३.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४९,००९,०००.०० | ८६१,८०९.०० | ५४४,९०९.०० | ६५९,१६८.०० | १,२०४,०७७.०० | ०.०० | १,२०४,०७७.०० | ४७,८०४,९२३.०० |
| **22619 अन्य भ्रमण खर्च** | | | | | **१८,५००,०००.००** | **४९१,१९६.००** | **०.००** | **४९१,१९६.००** | **४९१,१९६.००** | **०.००** | **४९१,१९६.००** | **१८,००८,८०४.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १८,५००,०००.०० | ४९१,१९६.०० | ०.०० | ४९१,१९६.०० | ४९१,१९६.०० | ०.०० | ४९१,१९६.०० | १८,००८,८०४.०० |
| **22711 विविध खर्च** | | | | | **५२,२१६,०००.००** | **७,९१४,४४६.४५** | **३,४६६,२०३.५०** | **५,८०९,७६३.००** | **९,२७५,९६६.५०** | **५,०००,०००.००** | **४,२७५,९६६.५०** | **४२,९४०,०३३.५०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५२,२१६,०००.०० | ७,९१४,४४६.४५ | ३,४६६,२०३.५० | ५,८०९,७६३.०० | ९,२७५,९६६.५० | ५,०००,०००.०० | ४,२७५,९६६.५० | ४२,९४०,०३३.५० |
| | **जम्मा** | | | | **९९९,९६५,०००.००** | **१४९,१५४,५६८.२३** | **५४,५०४,३४४.५९** | **१०२,९८५,४११.२** | **१५७,४८९,७५५.८१** | **६,८००,०००.००** | **१५०,६८९,७५५.८१** | **८४२,४७५,२४४.१९** |

स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | ९९९,९६५,०००.०० | १४९,१५४,५६८.२३ | ५४,५०४,३४४.५९ | १०२,९८५,४११.२ | १५७,४८९,७५५.८१ | ६,८००,०००.०० | १५०,६८९,७५५.८१ | ८४२,४७५,२४४.१९ |
| 01-नगद | ९९९,९६५,०००.०० | १४९,१५४,५६८.२३ | ५४,५०४,३४४.५९ | १०२,९८५,४११.२२ | १५७,४८९,७५५.८१ | ६,८००,०००.०० | १५०,६८९,७५५.८१ | ८४२,४७५,२४४.१९ |
| **जम्मा** | **९९९,९६५,०००.००** | **१४९,१५४,५६८.२३** | **५४,५०४,३४४.५९** | **१०२,९८५,४११.२** | **१५७,४८९,७५५.८१** | **६,८००,०००.००** | **१५०,६८९,७५५.८१** | **८४२,४७५,२४४.१९** |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ..........
नाम :
पदः
मिति :

म.ले.प. फाराम नं:२१०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००११४

**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)

**आर्थिक वर्ष:** २०८२/८३

**महिना:** असोज

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **31122 मेशिनरी तथा औजार** | | | | | **६८,३७५,०००.००** | **०.००** | **०.००** | **१,४८०,३००.००** | **१,४८०,३००.००** | **०.००** | **१,४८०,३००.००** | **६६,८९४,७००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६८,३७५,०००.०० | ०.०० | ०.०० | १,४८०,३००.०० | १,४८०,३००.०० | ०.०० | १,४८०,३००.०० | ६६,८९४,७००.०० |
| **31123 फर्निचर तथा फिक्चर्स** | | | | | **१०,०२५,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **१०,०२५,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १०,०२५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,०२५,०००.०० |
| **31134 कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च** | | | | | **९,०००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **९,०००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ९,०००,०००.०० |
| **31161 निर्मित भवनको संरचनात्मक सुधार खर्च** | | | | | **२०,०००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **२०,०००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २०,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,०००,०००.०० |
| | **जम्मा** | | | | **१०७,४००,०००.००** | **०.००** | **०.००** | **१,४८०,३००.००** | **१,४८०,३००.००** | **०.००** | **१,४८०,३००.००** | **१०५,९१९,७००.००** |

स्रोतगत जम्मा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **1100001-नेपाल सरकार** | | | | **१०७,४००,०००.००** | **०.००** | **०.००** | **१,४८०,३००.००** | **१,४८०,३००.००** | **०.००** | **१,४८०,३००.००** | **१०५,९१९,७००.००** |
| | | 01-नगद | | | १०७,४००,०००.०० | ०.०० | ०.०० | १,४८०,३००.०० | १,४८०,३००.०० | ०.०० | १,४८०,३००.०० | १०५,९१९,७००.०० |
| | **जम्मा** | | | | **१०७,४००,०००.००** | **०.००** | **०.००** | **१,४८०,३००.००** | **१,४८०,३००.००** | **०.००** | **१,४८०,३००.००** | **१०५,९१९,७००.००** |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने : ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: ..........
नाम :
पद:
मिति :

म.ले.प. फाराम नं:२१०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बरः** २०६०००१३ **आर्थिक वर्षः** २०८२/८३

**आयोजना/कार्यक्रम नामः** अख्तियार दुरुपयोग अनुसन्धान आयोग **महिनाः** असोज

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **21112 पारिश्रमिक पदाधिकारी** | | | | | **५,६००,०००.००** | **०.००** | **२५६,२७८.००** | **७४५,५३६.००** | **१,००१,८१४.००** | **०.००** | **१,००१,८१४.००** | **४,५९८,१८६.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,६००,०००.०० | ०.०० | २५६,२७८.०० | ७४५,५३६.०० | १,००१,८१४.०० | ०.०० | १,००१,८१४.०० | ४,५९८,१८६.०० |
| **21142 पदाधिकारी अन्य सुबिधा** | | | | | **३००,०००.००** | **०.००** | **८,८००.००** | **१७,६००.००** | **२६,४००.००** | **०.००** | **२६,४००.००** | **२७३,६००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ०.०० | ८,८००.०० | १७,६००.०० | २६,४००.०० | ०.०० | २६,४००.०० | २७३,६००.०० |
| **21149 पदाधिकारी अन्य भत्ता** | | | | | **२,९००,०००.००** | **०.००** | **२०३,९७३.३०** | **५७०,६४९.६०** | **७७४,६२२.९०** | **०.००** | **७७४,६२२.९०** | **२,१२५,३७७.१०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,९००,०००.०० | ०.०० | २०३,९७३.३० | ५७०,६४९.६० | ७७४,६२२.९० | ०.०० | ७७४,६२२.९० | २,१२५,३७७.१० |
| **22211 इन्धन (पदाधिकारी)** | | | | | **२,२००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **२,२००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,२००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,२००,०००.०० |
| | **जम्मा** | | | | **११,०००,०००.००** | **०.००** | **४६९,०५१.३०** | **१,३३३,७८५.६०** | **१,८०२,८३६.९०** | **०.००** | **१,८०२,८३६.९०** | **९,१९७,१६३.१०** |

स्रोतगत जम्मा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **1100001-नेपाल सरकार** | | **११,०००,०००.००** | **०.००** | **४६९,०५१.३०** | **१,३३३,७८५.६०** | **१,८०२,८३६.९०** | **०.००** | **१,८०२,८३६.९०** | **९,१९७,१६३.१०** |
| | | 01-नगद | ११,०००,०००.०० | ०.०० | ४६९,०५१.३० | १,३३३,७८५.६० | १,८०२,८३६.९० | ०.०० | १,८०२,८३६.९० | ९,१९७,१६३.१० |
| | **जम्मा** | | **११,०००,०००.००** | **०.००** | **४६९,०५१.३०** | **१,३३३,७८५.६०** | **१,८०२,८३६.९०** | **०.००** | **१,८०२,८३६.९०** | **९,१९७,१६३.१०** |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ..........
नाम :
पदः
मिति :

नेपाल सरकार
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
206003501-अख्तियार दुरुपयोग अनुसन्धान आयोग

म.ले.प. फाराम नं:६०७

# धरौटी मासिक विवरण

**आर्थिक वर्ष:** २०८२/८३
**महिना:** असोज

| | |
|---|---|
| **१. आम्दानी** | |
| क. गत महिनाको धरौटी मौज्दात | ४०,६६५,५४६.२० |
| ख. चालु महिनाको प्राप्त भएको धरौटी | १,६५४,२९०.७६ |
| यस महिना सम्मको जम्मा : | ४२,३१९,८३६.९६ |
| **२. खर्च** | |
| क. चालु महिनाको फिर्ता भएको धरौटी | ०.०० |
| ख. चालु महिनाको सदर स्याहा भएको धरौटी | ०.०० |
| ग. चालु महिनाको अन्य फिर्ता भएको धरौटी | ०.०० |
| यस महिना सम्मको जम्मा : | ०.०० |
| **३. स्रेस्ताअनुसारको बाँकी (१-२)** | ४२,३१९,८३६.९६ |
| **४. बैंकअनुसारको धरौटी मौज्दात** | ०.०० |
| **५. फरक(३-४)** | |
| **६. फरक पर्नाको कारण** | |

| | | |
|---|---|---|
| तयार गर्ने : ........ | पेस गर्ने : ........ | प्रमाणित गर्ने: .......... |
| नाम: | नाम: | नाम : |
| पद : | पद : | पद: |
| मिति : | मिति : | मिति : |

नेपाल सरकार

अख्तियार दुरुपयोग अनुसन्धान आयोग [२०६००३५०१]

**राजस्व सम्बन्धी मासिक प्रतिवेदन**

आ.व. २०८२/८३

महिना : आश्विन

| सि.नं. | राजस्व शीर्षक | अघिल्लो महिना | यस महिनाको | जम्मा | नगद दाखिला हुन बांकी भौचर |
|---|---|---|---|---|---|
| १ | १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ५,०००.०० | ० | ५,०००.०० | |
| २ | १४२१८-विद्युतसेवा शुल्क | ० | ० | ० | |
| ३ | १४२२१-न्यायिकदस्तूर | ० | ० | ० | |
| ४ | १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | ४१,८४४.०० | ० | ४१,८४४.०० | |
| ५ | १४३१२-प्रशासनिकदण्ड, जरिवाना र जफत | ४,९३५,००५.०० | ० | ४,९३५,००५.०० | |
| ६ | १४३१३-धरौटी सदरस्याहा | ० | ० | ० | |
| ७ | १४५२९-अन्यराजस्व | ० | ० | ० | |
| ८ | १५१११-बेरूजू | १४७,६६२.०० | ० | १४७,६६२.०० | |
| ९ | १५११२-निकासा फिर्ता | ० | ० | ० | |
| १० | ३२१२१-गत वर्षको नगद मौज्दात | ० | ० | ० | |
| **जम्मा रकम** | | **५,१२९,५११.००** | **०** | **५,१२९,५११.००** | **०** |

कोष को अवस्था

कुल आम्दानी : ५,१२९,५११.००

सो मध्ये, बैंक भौचरबाट : २३५,०००.००

नगद संकलन :

नगद संकलन मध्ये,

- बैंक दाखिला गरेको रकम :

-नगद मौज्दात :

लेखा प्रमुख

कार्यालय प्रमुख

## १३. तोकिएबमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रकाशन भएका प्रतिवेदन तथा अन्य सामग्रीहरू देहायबमोजिम रहेका छन्ः

- आयोगको पैतिसौं वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२)
- आयोगको पाँचौं रणनीतिक योजना आ.व. (२०८१/८२ –२०८५/८६)
- स्मारिका, २०८१
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजिरहरूको सारसंक्षेप, २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६
- भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, २०७८
- नजिर संग्रह (भ्रष्टाचारसम्बन्धी कसुरमा आधारित), २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, कागजात धुल्याउने कार्यविधि, २०८१
- सूचना संकलन र रङ्गेहात कारवाही (स्टिङ्ग अपरेशन) संचालन तथा अनुसन्धान कार्यविधि, २०८२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग आन्तरिक नियन्त्रण प्रणाली, २०८२

## १४. अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरू

- सामुदायिक शिक्षा कार्यक्रम
- आयोगको ३४ औं स्थापना दिवस कार्यक्रम
- भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम
- नियामक निकायहरू तथा सार्वजनिक संस्थानहरूसँग अन्तरक्रिया कार्यक्रम
- आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरू बिच अन्तरक्रिया कार्यक्रम
- सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको चौतिसौं वार्षिक प्रतिवेदन पेस
- कानुनमा सुधारका लागि अन्तरक्रिया तथा मस्यौदा तयारी कार्य
- अनुसन्धान अधिकृतहरूको लागि आधारभूत तालिम कार्यक्रम

## १५. आयोगको वेबसाइट र यसको विवरण

आयोगको वेबसाइट www.ciaa.gov.np रहेको छ। उक्त वेबसाइटमा आयोगको परिचय तथा गठन, संगठन संरचना, आयोगका पदाधिकारीहरूको परिचय, आयोग मातहतका कार्यालयहरूको विवरण, ऐन/कानुन, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरू सूचीकृत गरिएको छ। यसका अलावा आयोगको वेबसाइटमार्फत अनलाइन उजुरी गर्नसक्ने व्यवस्थासमेत मिलाइएको छ। आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA र ट्विटर X@ciaa_nepal मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना सम्प्रेषण गर्ने व्यवस्था गरिएको छ।

**आयोगमा गुनासो/उजुरी गर्ने माध्यमहरू**

हटलाइन नं.: १०७ (मौखिक रुपमा उजुरी टिपाउन सकिने)

आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन उजुरी गर्न सकिने

टोल फ्रि नं.: १६६०-०१-२२२३३ र

ujuri@ciaa.gov.np मार्फत उजुरी दिन सकिने

मोबाइल नं ९८६३३३३१९१ , फेसबुक पेज/NepalCIAA र

ट्विटर/ X@ciaa_nepal मा Message गरी उजुरी दिन सकिन्छ। साथै

हुलाक मार्फत वा आयोग र अन्तर्गतका कार्यालयहरूमा

आफैं उपस्थित भएर पनि उजुरी गर्न सकिन्छ।

**१६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरणः**

नेपाल सरकारबाट विनियोजित वार्षिक बजेट तथा कार्यक्रमअनुसार आयोग सञ्चालन हुने गरेको छ। आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण बुँदा नं. १२ मा प्रस्तुत गरिएको छ।

**१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

आयोगले यस त्रैमासिक अवधिमा सम्पादन गरेका कार्यक्रम तथा प्रगति विवरण यसै बुलेटिनको सम्पादित कार्यहरूको त्रैमासिक विवरणको बुँदा नं १ देखि ६ सम्म प्रस्तुत गरिएको छ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

आयोगसँग सम्बन्धित ऐन, नियमावली र कार्यविधिमा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरू आयोगको वेबसाइट, पत्रपत्रिका र सामाजिक सञ्जालमाफर्त सार्वजनिक गर्ने गरिएको छ।

**१९. सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरणः**

आर्थिक बर्ष २०८१/०८२ को यस त्रैमासिक अवधिमा सूचना माग गरिएका ९७ वटा निवेदन परेको र सोही बमोजिम सरोकारवाला व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ।

## २०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने गरेको विवरणः

आयोगको वार्षिक प्रतिवेदन र इ-बुलेटिन मार्फत आयोगका सूचनाहरू नियमित रुपमा प्रकाशित हुने गरेको छ। उक्त प्रतिवेदन र ई-वुलेटिन आयोगको Website www.ciaa.gov.np मा राखे गरिएको छ। आयोगले घुस रिसवत लिने दिने उपर गरेको कारबाहीको विवरण, कसुरउपर विशेष अदालतमा आरोपपत्र दायर लगायत आयोगका अन्य गतिविधि सम्मिलित विषयहरू प्रेस विज्ञप्ति मार्फत आयोगको वेबसाइटमा प्रकाशन गर्ने गरिएको र सो बारेमा विभिन्न सञ्चार माध्यमहरूबाट समेत सूचना सम्प्रेषण हुने गरेको छ। नेपाल टेलिभिजनसँग मिति २०८२/०४/२२ मा भएको सम्झौता बमोजिम "सुशासन सवाल" कार्यक्रम मासिक रूपमा हरेक महिनाको दोस्रो मंगलबार साँझ ७:२५बजे र सोको भोलिपल्ट बिहान पुनःप्रसारण हुँदै आएको छ।

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका विषयमा जनचेतना अभिबृद्धि गर्न, प्राज्ञिक बहसको प्रवर्धन गर्न र सरोकारवालाहरूको सहभागिता बढाई मुलुकमा सुशासन कायम गर्न आवश्यक हुने नीति तर्जुमा एवं कार्यान्वयनमा राज्यलाई सहयोग गर्ने उद्देश्यले नीति संवाद टेलिभिजन कार्यक्रम अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल वाच मल्टिमिडिया प्रा.लि. बिच मिति २०८२।०५।०३ गते सम्झौता भई एपी 1 टेलिभिजनबाट प्रत्येक महिनाको अन्तिम आइतबार बेलुका ८:०० बजे एक पटक र सोही माध्यमबाट भोलिपल्ट कम्तिमा एक पटक पुनः प्रशारण हुदै आएको छ।

यसका अलवा सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण सम्बन्धी छोटा छोटा भिडियो क्लिपहरु बनाई सार्वजनिक स्थलमा रहेका डिस्प्लेहरुबाट पनि प्रशारण गर्ने गराउने गरिएको छ। साथै राष्ट्रिय मिडियाहरुबाट प्रशारित उक्त सामाग्रीहरु आयोगको सामाजिक सञ्जालमा समेत साझा गर्ने गरिएको छ।

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयनको लागि प्रकाशित)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्यहरूको त्रैमासिक (साउन-असोज) विवरण

## १. उजुरी र फछ्र्यौट

### १.१ आयोगमा रहेका उजुरी र फछ्र्यौट

यस आ.व. २०८२/८३ को पहिलो त्रैमासिक (साउन-असोज) अवधिमा ७,७५६ वटा उजुरी परेका र गत आ.व. २०८१/८२ बाट जिम्मेवारी सरेर आएका ७,३२३ उजुरीसमेत गरी कुल १५,०७९ उजुरी रहेका छन्। पहिलो त्रैमासिक अवधिमा ५,१७२ उजुरी फछ्र्यौट भएका छन्। फछ्र्यौट हुन बाँकी ९,९०७ उजुरी अनुसन्धानको क्रममा रहेका छन्। फछ्र्यौट भएकामध्ये यस अवधिमा ११८ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, १,३०६ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, १,१७१ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र २,५६५ वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगमा परेका उजुरी संख्या, सो उपर आयोगले गरेको कारबाही एवं फछ्र्यौट हुन बाँकी उजुरीको विवरण देहायअनुसार रहेको छः-

**उजुरी, फछ्र्यौट र बाँकी उजुरीहरूको विवरण**


| विवरण | उजुरी संख्या | फछ्र्यौट | | | | | जम्मा फछ्र्यौट | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धानमा गएको | तामेली | सुझाव सहित तामेली | सम्बन्धित निकायमा लेखी पठाएको | अन्य उजुरीमा गाभिएको | | |
| गत आ.व. को जिम्मेवारी सरेको उजुरी संख्या | ७,३२३ | - | - | - | - | - | - | |
| पहिलो त्रैमासिक | ७,७५६ | ११८ | २,५६५ | १२ | १,३०६ | १,१७१ | ५,१७२ | ९,९०७ |
| **हाल सम्मको जम्मा** | **१५,०७९** | **११८** | **२,५६५** | **१२** | **१,३०६** | **१,१७१** | **५,१७२** | **९,९०७** |

### १.२ कार्यालयगत उजुरी र फछ्र्यौटको अवस्था

आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिक अवधिसम्ममा आयोग र आयोगका कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका उजुरीहरू देहायको तालिका तथा स्तम्भचित्रमा प्रस्तुत गरिएको छ। सो अनुसार बढी उजुरीहरू ७,४९९ (४९.७३%) आयोग टङ्गालमा दर्ता भएका छन्। आयोगका कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको कार्यालय, बर्दिबासमा १,९०० उजुरीहरू (१२.६०%)

रहेका छन्। सबैभन्दा कम उजुरीहरू आयोगको कार्यालय बुटबलको सम्पर्क कार्यालय, नेपालगञ्जमा २९६ उजुरीहरू (१.९६४%) रहेका छन्।


| कार्यालय | अल्या उजुरी | पहिलो त्रैमासिक अवधिको उजुरी | कुल उजुरी | उजुरी प्रतिशत | फछ्यौंट संख्या | फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|---|---|
| टङ्गाल | ३,२५४ | ४,२४५ | ७,४९९ | ४९.७३% | ३,८१७ | ५०.९०% |
| इटहरी | ४०१ | ५०० | ९०१ | ५.९८% | २१५ | २३.८६% |
| बर्दिबास | १,०६१ | ८३९ | १,९०० | १२.६०% | २०७ | १०.८९% |
| हेटौंडा | ८२० | ४७४ | १,२९४ | ८.५८% | १६७ | १२.९१% |
| पोखरा | १८१ | २९६ | ४७७ | ३.१६% | १२५ | २६.२१% |
| बुटबल | २४४ | ४९६ | ७४० | ४.९१% | २०८ | २८.११% |
| नेपालगञ्ज (सम्पर्क कार्यालय) | ११४ | १८२ | २९६ | १.९६% | ८० | २७.०३% |
| सुर्खेत | ७८५ | ३९७ | १,१८२ | ७.८४% | १६६ | १४.०४% |
| कञ्चनपुर | ४६३ | ३२७ | ७९० | ५.२४% | १८७ | २३.६७% |
| जम्मा | ७,३२३ | ७,७५६ | १५,०७९ | १००.००% | ५,१७२ | ३४.३०% |




## १.३ उजुरीका माध्यम

आर्थिक वर्ष २०८२/८३ मा आयोग र आयोगका कार्यालयहरूमा दर्ता भएका उजुरी र गत आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरेकासमेत गरी १५,०७९ उजुरीहरू विभिन्न माध्यमबाट दर्ता भएका देखिन्छन्। उजुरी दर्ता भएका माध्यमका आधारमा उजुरीको सङ्ख्या तलको तालिका र पाइचार्टमा प्रस्तुत गरिएको छ। यस अवधिमा सबैभन्दा बढी उजुरी लिखित निवेदनबाट प्राप्त भएको देखिन्छ भने सोपश्चात् क्रमशः वेबसाइट, इमेल, हुलाक सेवा, टेलिफोन, सञ्चार माध्यमलगायतका माध्यमहरूबाट उजुरी प्राप्त भएको देखिन्छ।

### प्राप्त उजुरीको माध्यमको स्थिति




## २. भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा आयोगबाट भएको कार्य प्रगति

### २.१ भ्रष्टाचार नियन्त्रणसम्बन्धी उपचारात्मक कार्यको प्रगति विवरणः-


**क) दर्ता भएका आरोपपत्रहरूको संख्या**

आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासिक अवधिमा आयोगले कुल २२ वटा आरोपपत्रहरू विशेष अदालतमा दायर गरेको छ। यस त्रैमासिकको साउन महिनामा ६, भदौ महिनामा ७ र असोज महिनामा ९ वटा आरोपपत्रहरू दायर भएका छन्।

### आ.व. २०८२/८३ को पहिलो त्रैमासिक अवधिमा दायर गरिएका मुद्दा र प्रतिवादी

| क्र.सं. | विषय | मुद्दा (संख्या) | प्रतिवादी (संख्या) |
|---|---|---|---|
| १. | घुस (रिसवत) | १२ | ३७ |
| २. | गैरकानुनी लाभ वा हानी | ५ | ४५ |
| ३. | सार्वजनिक सम्पत्ति हानी नोक्सानी | ३ | २२ |
| ४. | गैरकानुनी सम्पत्ति आर्जन | २ | ६ |
| **जम्मा** | | २२ | ११० |

### विषयगत आधारमा मुद्दा दायरको स्थिति



यस आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा विशेष अदालतमा दायर गरिएका २२ वटा आरोपपत्रमा ११० जना आरोपीलाई प्रतिवादी बनाई बिगो रु. २५,००,७१,८०७।८३ मागदाबी लिइएको छ। मुद्दा दायर गरिएका व्यक्तिहरूको पद/श्रेणी वा दर्जा निम्नानुसार रहेको छः-

| क.सं. | पद/श्रेणी | प्रतिवादीको सेवाको क्षेत्र | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | प्रशासन | प्राविधिक | | सशस्त्र प्रहरी | शिक्षक | |
| | | | इन्जिनियर | अन्य | | | |
| १. | उपसचिव वा सो सरह | ५ | १ | १ | - | - | ७ |
| २. | शाखा अधिकृत वा सो सरह | १२ | ४ | ८ | १ | ३ | २८ |
| ३. | ना.सु वा सो सरह | ११ | ३ | - | - | - | १४ |
| ४. | खरिदार वा सो सरह | २ | - | - | १ | - | ३ |
| ५. | कार्यालय सहयोगी | ४ | - | - | - | - | ४ |
| **राष्ट्रसेवक कर्मचारी जम्मा** | | **३४** | **८** | **९** | **२** | **३** | **५६** |
| ६. | निर्वाचित | १४ | | | | | १४ |
| ७. | मनोनित पदाधिकारी | २२ | | | | | २२ |
| ८. | लेखापढी/बिचौलिया/व्यवसायी | ७ | | | | | ७ |
| ९. | अन्य | ११ | | | | | ११ |
| **अन्य व्यक्ति जम्मा** | | **५४** | | | | | **५४** |
| **कुल प्रतिवादी संख्या** | | | | | | | **११०** |
| **जम्मा आरोपपत्र दायर संख्या** | | | | | | | **२२** |

**पहिलो त्रैमासिक अवधिमा दायर भएका आरोपपत्रको विस्तृत विवरण निम्न बमोजिम उल्लेख गरिएको छः-**

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| १ | डम्बर बहादुर बुढाथोकी | | | प्रतिकुल बकपत्र घुस /रिसवत | २४ | २०८२/०४/१६. | २०,०००.०० |
| २ | जनार्दन यादव | वडा अध्यक्ष | मर्चबारी गाउँपालिका -३, रुपन्देही | घुस/रिसवत | ३३ | २०८२/०४/१९. | ३००,०००.०० |
| | विपिन कुमार पाण्डेय | | | ऐ | ऐ | ऐ | |
| ३ | दिपक पौडेल | कार्यालय सहयोगी | यातायात व्यवस्थापन कार्यालय सवारी चालक अनुमती पत्र, कास्की | घुस/रिसवत | ३६ | २०८२/०४/२१. | ७,०००.०० |
| ४ | राम पुकार साह तेली | नगर प्रमुख | कल्याणपुर नगर कार्यपालिकाको कार्यालय, सिरहा | घुस/रिसवत | ४३ | २०८२/०४/२३. | १००,०००.०० |
| ५ | कुमार आचार्य | प्रमुख मालपोत अधिकृत | भूमी सुधार तथा मालपोत कार्यालय, भक्तपुर | घुस/रिसवत | ६८ | २०८२/०४/२८. | २,४५०,०००.०० |
| | टिकाराम राउत | कार्यालय सहयोगी | भूमी सुधार तथा मालपोत कार्यालय, भक्तपुर | ऐ | ऐ | ऐ | |
| ६ | सचिन्द्र कुमार यादव | सिनियर डिभिजनल इन्जिनियर | पर्यटन विभाग भृकुटी मण्डप, काठमाण्डौ | गैर कानूनी सम्पत्ति आर्जन | ६७ | २०८२/०४/२९. | ९,६८५,५५३.१९ |
| | आशा कुमारी | | | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| | यादव | | | | | | |
| ७ | विरेन्द्र मल्ल | तत्कालिन प्रमुख प्रशासकिय अधिकृत | सोरु गाउँपालिका, मुगु | गैर कानूनी लाभहानी | ९९ | २०८२/०५/०१. | ७०६,७९९.७५ |
| | प्रकाश आचार्य | तत्कालिन इन्जिनियर | सोरु गाउँपालिका, मुगु | ऐ | ऐ | ऐ | |
| | जेठ बहादुर बुढा | लेखापाल | सोरु गाउँपालिका, मुगु | ऐ | ऐ | ऐ | ७०६,७९९.७५ |
| | नविन वुमी | योजना शाखा प्रमुख | सोरु गाउँपालिका, मुगु | ऐ | ऐ | ऐ | |
| | जगत बहादुर मल्ल | तत्कालिन सव-इन्जिनियर | सोरु गाउँपालिका, मुगु | ऐ | ऐ | ऐ | |
| | दलविर सार्कि | संयोजक | पि.सि.सि. सडक निर्माण योजना समेतको अनुगमन तथा मुल्याङ्कन समिती | ऐ | ऐ | ऐ | |
| | पुने शाही | वडा सदस्य | सोरु गाउँपालिका-१, मुगु | ऐ | ऐ | ऐ | |
| | मिसिन्द्र शाही | वडा अध्यक्ष | सोरु गाउँपालिका-१, मुगु | ऐ | ऐ | ऐ | |
| | चक्र बहादुर छन्याल | श्रम कार्यदल अध्यक्ष | पि.सि.सि. सडक निर्माण योजना | ऐ | ऐ | ऐ | ७०६,७९९.७५ |
| | विष्णु छन्याल | श्रम कार्यदल सह-संयोजक | पि.सि.सि. सडक निर्माण योजना | ऐ | ऐ | ऐ | |
| | घोगिसरा शाही | कोषाध्यक्ष | पि.सि.सि. सडक निर्माण योजना | ऐ | ऐ | ऐ | |
| | मुकुन्दे दमाई | सचिव | पि.सि.सि. सडक निर्माण | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| | | | योजना | | | | |
| ८ | पुर्ण शंकर यादव | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय, कैलाली | घुस/रिसवत | १०० | २०८२/०५/०२. | ७३१,०००.०० |
| ९ | भावना श्रेष्ठ | वडा सदस्य | पोखरा महा नगरपालिका - ९, कास्की | घुस/रिसवत | ६९ | २०८२/०५/०२. | २००,०००.०० |
| | रविन कुमार श्रेष्ठ | जन सवास्थ्य निरिक्षक | सिद्ध स्वास्थ्य चौकी रुपा गाउँपालिका -१, कास्की | ऐ | ऐ | ऐ | २००,०००.०० |
| १० | एकेन्द्र बहादुर कुँवर | कार्यालय सहयोगी | नापी कार्यालय, कलंकी, ३ नं. नापी टोली नैकाप, काठमाडौ | घुस/रिसवत | १६२ | २०८२/०५/२०. | १३,०००.०० |
| ११ | दल बहादुर घर्ति | निमित्त प्रमुख प्रशासकिय अधिकृत | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | सार्वजनिक सम्पत्ति हिनामिना तथा हानिनोक्सानी | १०५ | २०८२/०५/१२. | ३,६२०,५७८.१० |
| | मोहन मल्ल | इन्जिनियर | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ३,६२०,५७८.१० |
| | अनिश शाह | अधिकृत छैठौ | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ३,६२०,५७८.१० |
| | प्रकाश कुमार शाही | कानून अधिकृत | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ३,६२०,५७८.१० |
| | राजेन्द्र बहादुर कठायत | लेखापाल | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ३,६२०,५७८.१० |
| | कृति बहादुर थापा | नायब सुब्बा | भेरी नगर कार्यपालिकाको | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय, जाजरकोट | | | | ३,६२०,५७८.१० |
| | गंगा कुमारी खड्का खत्री | प्रोपाइटर | New BK Builders and Suppliers | ऐ | ऐ | ऐ | ३,६२०,५७८.१० |
| | चित्र बहादुर बोहरा | प्रोपाइटर | Nahakuli Nirman Sewa | ऐ | ऐ | ऐ | |
| | MS New BK/ Nahakuli JV | | | ऐ | ऐ | ऐ | |
| १२ | गणेश प्रसाद भट्टराई | तत्कालिन जिल्ला शिक्षा अधिकारी | जिल्ला शिक्षा कार्यालय, खोटाङ्ग | गैर कानूनी लाभ लिई रकम हिनामिना | १०६ | २०८२/०५/१५. | १,000,000.00 |
| | केशव प्रसाद दाहाल | तत्कालिन जिल्ला शिक्षा अधिकारी | जिल्ला शिक्षा कार्यालय, खोटाङ्ग | ऐ | ऐ | ऐ | १,४00,000.00 |
| | ज्ञानमणी नेपाल | तत्कालिन जिल्ला शिक्षा अधिकारी | जिल्ला शिक्षा कार्यालय, खोटाङ्ग | ऐ | ऐ | ऐ | १,४00,000.00 |
| | भुवन प्रसाद आचार्य | तत्कालिन लेखा अधिकृत | जिल्ला शिक्षा कार्यालय, खोटाङ्ग | ऐ | ऐ | ऐ | १,000,000.00 |
| | सुरेश कुमार श्रेष्ठ | तत्कालिन लेखापाल | जिल्ला शिक्षा कार्यालय, खोटाङ्ग | ऐ | ऐ | ऐ | २,४00,000.00 |
| | शिवराज राई | तत्कालिन सव-इन्जिनियर | जिल्ला शिक्षा कार्यालय, खोटाङ्ग | ऐ | ऐ | ऐ | २,४00,000.00 |
| | पृथ्वी दाहाल | तत्कालिन विद्यालय व्यवस्था समिति अध्यक्ष | लक्ष्मी माध्यमिक विद्यालय खोटाङ्ग | ऐ | ऐ | ऐ | ८00,000.00 |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | शेष कुमार पौड्याल | तत्कालिन विद्यालय व्यवस्था समिति अध्यक्ष | लक्ष्मी माध्यमिक विद्यालय खोटाङ्ग | ऐ | ऐ | ऐ | ८००,०००.०० |
| | राजेन्द्र प्रसाद दाहाल | तत्कालिन प्रधानध्यापक | लक्ष्मी माध्यमिक विद्यालय खोटाङ्ग | ऐ | ऐ | ऐ | ८००,०००.०० |
| | ऋषिराम पोखरेल | तत्कालिन प्रधानध्यापक | लक्ष्मी माध्यमिक विद्यालय खोटाङ्ग | ऐ | ऐ | ऐ | ८००,०००.०० |
| | नयन कुमार राई | तत्कालिन प्रधानध्यापक | लक्ष्मी माध्यमिक विद्यालय खोटाङ्ग | ऐ | ऐ | ऐ | |
| | सीता कार्की | तत्कालिन लेखापाल | लक्ष्मी माध्यमिक विद्यालय, खोटाङ्ग | ऐ | ऐ | ऐ | १,६००,०००.०० |
| | अर्जुन तामाङ | | | ऐ | ऐ | ऐ | १,६००,०००.०० |
| १३ | सुग्रिव यादव | नापी अधिकृत | नापी कार्यालय, रुपन्देही | गैर कानूनी सम्पत्ति आर्जन | ११७ | २०८२/०५/१३. | ५७,९६२,४४०.३९ |
| | गायत्री यादव | | | ऐ | ऐ | ऐ | |
| | सुधान्सु यादव | | | ऐ | ऐ | ऐ | |
| | शुभम यादव | | | ऐ | ऐ | ऐ | |
| १४ | राज कुमार गुप्ता | तत्कालिन मन्त्रि तथा संघिय संसद | प्रतिनिधी सभा | घुस /रिसवत | २६८ | २०८२/०६/२२. | ७,८००,०००.०० |
| | रन्जिता श्रेष्ठ | पूर्व मन्त्रि तथा संघिय संसद | प्रतिनिधी सभा | ऐ | ऐ | ऐ | ७,८००,०००.०० |
| | रामचन्द्र अधिकारी | प्रमुख मालपोत | मालपोत कार्यालय, लमजुङ्ग | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| | | अधिकृत | | | | | ५,३००,०००.०० |
| | सुजन कुमार लामा भन्ने सुजन कुमार तामाङ्ग | | | ऐ | ऐ | ऐ | ७,८००,०००.०० |
| | याम कुमारी गुरुङ्ग | | | ऐ | ऐ | ऐ | ७,८००,०००.०० |
| | तुल्सीराम बुढामगर | | | ऐ | ऐ | ऐ | ७,८००,०००.०० |
| | खेम बहादुर पुन | | | ऐ | ऐ | ऐ | २,५००,०००.०० |
| १५ | प्रा.डा. संगित भण्डारी भन्ने संगिता सिंह भण्डारी | तत्कालिन उपकुलपती | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | गैर कानूनी लाभहानी | २३९ | २०८२/०६/२३. | १२०,७६०,९४६.१८ |
| | झन्कार लामिछाने | तत्कालिन कायम मुकायम रजिष्टार | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | शरद भण्डारी | बायोमेडिकल इन्जिनियर | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | अमित कुमार चौधरी | बायोमेडिकल इन्जिनियर | त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पताल, महाराजगंज, काठमाडौं | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | कैलाश प्रसाद देव | तत्कालिन फाइनान्स मेनेजर | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | नितिन कुर्मी | तत्कालिन डेपुटी फाइनान्स मेनेजर | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | छाँयाँ डि.सी. | शाखा अधिकृत | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | श्रीराम चौधरी | शाखा अधिकृत | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | हिरालाल भण्डारी | तत्कालिन आइ टी अधिकृत | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | मदन भण्डारी | तत्कालिन सिभिल इन्जिनियर | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | अन्जु शर्मा | तत्कालिन वरिष्ठ सहायक | राप्ती सवास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | सुजाता भट्टराई | तत्कालिन वायोमेडिकल इन्जिनियर | स्वास्थ्य सेवा विभाग, काठमाडौं | ऐ | ऐ | ऐ | |
| | लुम्विनि हेल्थ केयर प्राइभेट लिमिटेड | | | ऐ | ऐ | ऐ | १२०,७६०,९४६.१८ |
| | पोष्ट राज ज्ञवाली | संस्थापक | लुम्विनि हेल्थ केयर प्राइभेट लिमिटेड | ऐ | ऐ | ऐ | |
| १६ | हरि चन्द्र ढकाल | प्रमुख | स्शस्त्र प्रहरी वल नेपाल वि.ओ.पी. मजगौवा | घुस /रिसवत | २४३ | २०८२/०६/२४. | १५,०००.०० |
| | याङ भन्ने याम बहादुर खत्री | स्शस्त्र प्रहरी जवान | स्शस्त्र प्रहरी वल नेपाल वि.ओ.पी. मजगौवा | ऐ | ऐ | ऐ | |
| १७ | प्रलव कायस्थ | तत्कालिन निमित्त प्रमुख प्रशासकिय | माधव नारायण गरपालिका, रौतहट | गैर कानूनी लाभहानी | २१२ | २०८२/०६/२६. | २५७,९७०.०० |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | | अधिकृत | | | | | |
| | राम वलम प्रसाद यादव | लेखा अधिकृत | नवराजपुर नारायण गरपालिका, रौतहट | ऐ | ऐ | ऐ | |
| | अजित कुमार कर्ण | प्रकाशक | हस्तक्षेप दैनिक, रौतहट | ऐ | ऐ | ऐ | |
| | रौतहट एडभर टाइजिङ्ग एजेन्सी, रौतहट | | | ऐ | ऐ | ऐ | |
| १८ | दल बहादुर घर्ति | तत्कालिन निमित्त प्रमुख प्रशासकिय अधिकृत | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | सार्वजनिक सम्पत्ति हिनामिना तथा हानिनोक्सानी | २५६ | २०८२/०६/२७ | ८,१५३,६३०.५१ |
| | मोहन मल्ल | तत्कालिन इन्जिनियर | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ८,१५३,६३०.५१ |
| | प्रकाश कुमार शाही | तत्कालिन कानून अधिकृत | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ८,१५३,६३०.५१ |
| | अनिश शाह | तत्कालिन सामाजिक विकास अधिकृत | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ८,१५३,६३०.५१ |
| | राजेन्द्र बहादुर कठायत | तत्कालिन लेखापाल | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ८,१५३,६३०.५१ |
| | कृति बहादुर थापा | तत्कालिन नायब सुब्बा | भेरी नगर कार्यपालिकाको कार्यालय, जाजरकोट | ऐ | ऐ | ऐ | ८,१५३,६३०.५१ |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | दिप बहादुर खत्री | आधिकारीक प्रतिनिधी | थापा सविन सुदर्शन जै.भी. | ऐ | ऐ | ऐ | |
| | थापा सविन सुदर्शन जै.भी. | | | ऐ | ऐ | ऐ | |
| १९ | ज्ञानेन्द्र प्रसाद भण्डारी | खरिदार | मालपोत कार्यालय, काभ्रे, धुलिखेल | घुस /रिसवत | २५९ | २०८२/०६/२८. | २००,०००.०० |
| २० | रविन्द्र लाल दास | तत्कालिन सिनियर डिभिजनल इन्जिनियर | सडक डिभिजन कार्यालय, लहान, सिरहा | गैर कानूनी लाभहानी | २४४ | २०८२/०६/२९. | २३,४९९,९४५.२२ |
| | शैलेन्द्र कुमार चौधरी | इन्जिनियर | सडक डिभिजन कार्यालय, लहान, सिरहा | ऐ | ऐ | ऐ | २३,४९९,९४५.२२ |
| | चन्द्र कान्त चौधरी | सव-इन्जिनियर | सडक डिभिजन कार्यालय, लहान, सिरहा | ऐ | ऐ | ऐ | २३,४९९,९४५.२२ |
| | जकीर कवारी | प्रवन्ध संचालक | Jaya Dhananjaya Robbani J.V. | ऐ | ऐ | ऐ | |
| | Jaya Dhananjaya Robbani J.V. | | | ऐ | ऐ | ऐ | |
| २१ | सरोज कुमार सिंह | सभा सदस्य | मधेश प्रदेश | घुस /रिसवत | २५७ | २०८२/०६/३०. | ३,८५०,३१९.०० |
| | रामनाथ सहनी | अध्यक्ष | अधुरो कमलामाई मन्दिर तथा मालतमाई स्थानको कम्पाउण्डवाल निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | २१४,३५०.०० |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| | स्वीकृती देवी भन्ने स्विकृती देवी | कोषाध्यक्ष | अधुरो कमलामाई मन्दिर तथा मालतमाई स्थानको कम्पाउण्डवाल निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | |
| | राम शरण खत्वे | अध्यक्ष | माइस्थान मन्दिरको सौन्दयकरण निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | १५०,०००.०० |
| | विभा देवी खत्वे | कोषाध्यक्ष | माइस्थान मन्दिरको सौन्दयकरण निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | |
| | योगिन्दर महतो | अध्यक्ष | धर्मशाला देखी राम वृक्षको गाछी सम्म वत्येस्तरोन्नती निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | ६५७,७००.०० |
| | यमुना प्रसाद महतो | अध्यक्ष | धर्मशाला निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | १८५,२६०.०० |
| | कौशिल्या देवी | कोषाध्यक्ष | धर्मशाला निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | |
| | दिपाराज देवी राजपुत | अध्यक्ष | देवी महारानी सौन्दर्यकरण निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | २९७,७९४.०० |
| | भिखारी राउत कुर्मी | कोषाध्यक्ष | देवी महारानी सौन्दर्यकरण निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | |
| | भुपेन्द्र कुमार झा | अध्यक्ष | रधवापिपल देखी लक्ष्मीनिया सम्म निर्माण उपभोक्ता | ऐ | ऐ | ऐ | १,८९१,९००.०० |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | | | समिति | | | | |
| | मन्जु देवी पासमान | कोषाध्यक्ष | रधवापिपल देखी लक्ष्मीनिया सम्म निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | २,१९३,८१५.०० |
| | रमेश मडर | अध्यक्ष | कन्जनियामाई मन्दिर सौन्दर्यकरण निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | १५१,४००.०० |
| | अमलेश कुमारी | कोषाध्यक्ष | कन्जनियामाई मन्दिर सौन्दर्यकरण निर्माण उपभोक्ता समिति | ऐ | ऐ | ऐ | |
| | शम्भु कुमार भण्डल | अध्यक्ष | रधवापिपल-३, हरभाटस्थान सभा सडक स्तरोन्नती उपभोक्ता समिति | ऐ | ऐ | ऐ | ३०१,९१५.०० |
| | सुनयना कुमारी | कोषाध्यक्ष | रामवृक्ष गाछी बाटो स्तरोन्नती उपभोक्ता समिति | ऐ | ऐ | ऐ | |
| २२ | खकेन्द्र भण्डारी | वडा अध्यक्ष | जानकी गाउँपालिका-९ | सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता | २७१ | २०८२/०६/३१. | ७,३३६,६२७.०० |
| | पुर्ण बहादुर बिष्ट | खरिदार | जानकी गाउँपालिकाको कार्यालय | ऐ | ऐ | ऐ | २४,०००.०० |
| | प्रेम बहादुर बुढा | खरिदार | जानकी गाउँपालिकाको | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय | | | | ७,३३६,६२७.०० |
| | सोनम कठरिया | कार्यालय सहयोगी | जानकी गाउँपालिकाको कार्यालय | ऐ | ऐ | ऐ | ९२०,४००.०० |
| | कल्पना खड्का | वडा सदस्य | जानकी गाउँपालिका -९ | ऐ | ऐ | ऐ | |
| | सुनकोसा सार्की | वडा सदस्य | जानकी गाउँपालिका -९ | ऐ | ऐ | ऐ | |
| | विजय बहादुर रावल | वडा सदस्य | जानकी गाउँपालिका -९ | ऐ | ऐ | ऐ | |
| | शेर बहादुर विश्वकर्मा | वडा सदस्य | जानकी गाउँपालिका -९ | ऐ | ऐ | ऐ | |

**ख) घुस/रिसवत कारबाही**

आयोगबाट आर्थिक वर्ष २०८२।०८३ को पहिलो त्रैमासिक अवधि (वैशाख-असार) मा कुल ८ वटा घुस/रिसवतसम्बन्धी कारबाही (Sting Operation) भएको र उक्त घुस/रिसवतको रकम १६,४१,८५०।- रहेको छ। घुस/रिसवतसम्बन्धी कारबाहीबाट नियन्त्रणमा लिइएका व्यक्तिहरूको विवरण देहायअनुसार छः-

| क्र.स. | पद/श्रेणी | जम्मा संख्या | अप्राविधिक | प्राविधिक | प्रहरी | सशस्त्र प्रहरी | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | रा. प. द्वितीय श्रेणी वा सो सरह | १ | - | १ | - | - | - |
| २ | रा. प. तृतीय श्रेणी वा सो सरह | ३ | ३ | | | | |
| २ | सहायक कर्मचारी | ३ | २ | - | - | १ | - |
| ३ | कार्यालय सहयोगी | १ | १ | - | - | - | - |
| ४ | लेखापढी तथा बिचौलिया | १ | - | - | - | - | १ |
| ५ | नगर प्रमुख, वडा अध्यक्ष, उपभोक्ता स. अध्यक्ष, उपभोक्ता स. सदस्य र अन्य | - | - | - | - | - | - |
| **कुल जम्मा** | | **९** | **६** | **१** | **-** | **१** | **१** |
| **घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिएका व्यक्ति संख्या** | | **९** | | | | | |

**पहिलो त्रैमासिक अवधिमा आयोगद्वारा घुस/रिसवतसम्बन्धी कारबाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरूको विवरण निम्नानुसार रहेको छः-**

| सि.नं | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०८२।०४।०५ | कञ्चनपुर | डिभिजन वन कार्यालय धनगढी कैलाली | वरिष्ठ वन अधिकृत | पूर्णशंकर यादव | पुरुष १ | सामुदायिक वनको घाटगद्दी गरेको काठको बिमर्का र छोडपूर्जीको लागि | जिल्ला कैलाली, डिभिजन वन कार्यालय, धनगढीका बरिष्ठ वन अधिकृत पूर्णशंकर यादवले जिल्ला कैलाली, चुरे गाउँपालिका वडा नं. ६ स्थित ग्वासी सामुदायिक वनको घाटगद्दी गरेको काठको बिमर्का र छोडपूर्जीको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले निज बरिष्ठ वन अधिकृत पूर्णशंकर यादवलाई सेवाग्राहीबाट रु.७,३१,०००।– (सात लाख एकतीस हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित डिभिजन वन कार्यालय, धनगढीबाट आज मिति २०८२।०४।०५ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ । | ७,३१,०००।- |
| २. | २०८२।०४।२६ | टंगाल | नापी कार्यालय कलंकी, काठमाडौं | कार्यालय सहयोगी | एकेन्द्र कुँवर | पुरुष १ | जग्गा हालसाविक गरी नयाँ पूर्जा बनाउने प्रयोजनका लागि | जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका वडा नं. १३ मा रहेको जग्गा हालसाविक गरी नयाँ पूर्जा बनाउने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत रु.१३,०००।– माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले नापी कार्यालय कलंकीका कार्यालय प्रमुखको मोबाइल डिभाइस- २ थान, सोही कार्यालयका सर्भेक्षकको मोबाइल- १ थान र सोही कार्यालयका कार्यालय सहयोगी | १३,०००।- |

| सि.नं | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पदमा कार्यरत एकेन्द्र कुँवरको साथबाट घुस/रिसवत वापत लिइएको रु. १३,०००।– (तेह्र हजार रुपैयाँ) एवं मोबाइल डिभाइस थान-१ सहित निज कार्यालय सहयोगी एकेन्द्र कुँवरलाई नापी कार्यालय कलंकीको कार्यालय परिसरबाट आज मिति २०८२।०४।२६ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ । | |
| ३. | २०८२।०४।२६ | बुटवल | सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट मझगावा, रुपन्देही | सशस्त्र प्रहरी जवान | याम बहादुर खत्री | पुरुष-१ | सिमा पारी भारतबाट भन्सार छली अवैध रुपमा कपडा तथा किराना सामान ल्याउने कार्यमा सहजीकरण गरि दिनका लागि | जिल्ला रुपन्देही, कोटहीमाई गाउँपालिका वडा नं. ५ स्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट मझगावामा कार्यरत सशस्त्र प्रहरी जवान याम बहादुर खत्रीले सिमा पारी भारतबाट भन्सार छली अवैधरुपमा कपडा तथा किराना सामान ल्याउने कार्यमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज सशस्त्र प्रहरी जवान याम बहादुर खत्रीलाई सेवाग्राहीबाट रु.१५,०००।– (पन्ध्र हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला रुपन्देही, कोटहीमाई गाउँपालिका वडा नं. ५ अन्तर्गतबाट आज मिति २०८२।०४।२६ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ। | १५,०००।- |

| सि.नं | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २०८२।०५।१८ | टंगाल | मालपोत कार्यालय, काभ्रेपलाञ्चोक | खरिदार | ज्ञानेन्द्र प्रसाद भण्डारी | पुरुष-१ | फिल्ड बुकमा दर्ता छुट भएको जग्गाहरु धनीको नाममा छुट दर्ता गर्ने प्रयोजनका लागि | मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोकमा कार्यरत खरिदार ज्ञानेन्द्र प्रसाद भण्डारीले जिल्ला काभ्रेपलाञ्चोक, दोलालघाट गा.वि.स. वडा नं. ७ मा रहेको फिल्ड बुकमा दर्ता छुट भएको जग्गाहरु धनीको नाममा छुट दर्ता गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज खरिदार ज्ञानेन्द्र प्रसाद भण्डारीलाई सेवाग्राहीसँग रु.२,००,०००।-(दुई लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकम र मोबाइल डिभाइस थान-१(एक) सहित मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोकको कार्यालय परिसरबाट आज मिति २०८२।०५।१८ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ । | २,००,०००/- |
| ५ | २०८२।०५।१९ | नेपालगञ्ज | जिल्ला अदालत, बाँके | नायब सुब्बा | राम प्रसाद धमला | पुरुष-१ | फैसलाको प्रतिलिपि दिने प्रयोजनाका लागि | जिल्ला अदालत, बाँकेको सामान्य (क) फाँटमा कार्यरत नायब सुब्बा राम प्रसाद धमलाले फैसलाको प्रतिलिपि दिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत वापत रू.१२,०००।- (बाह्र हजार रुपैयाँ) माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज नायब सुब्बा राम प्रसाद धमलालाई सेवाग्राहीसँग रु.१२,०००।-(बाह्र हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त | १२,०००/- |

| सि.नं | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रकमसहित जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ९ शान्तिनगर स्थित यातायात चोकबाट आज मिति २०८२।०५।१९ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ । | |
| ६ | २०८२।०६।०२ | टंगाल | डुङ्गेश्वर गाउँपालिका, दैलेख | लेखा अधिकृत | टंक बहादुर कार्की | पुरुष-१ | सडक स्तरोन्नती तथा निर्माण सम्पन्न पश्चात अन्तिम बिल भुक्तानी गर्ने प्रयोजनका लागि | जिल्ला दैलेख, डुङ्गेश्वर गाउँपालिकाका लेखा अधिकृत (सातौं तह) टंक बहादुर कार्कीले डुङ्गेश्वर गाउँपालिकाको सडक स्तरोन्नती तथा निर्माण सम्पन्न पश्चात अन्तिम बिल भुक्तानी गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत वापत रू.१,००,०००।– (एक लाख रुपैयाँ) माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिई गएको संयुक्त टोलीले निज लेखा अधिकृत टंक बहादुर कार्कीलाई सेवाग्राहीसँग रु.१,००,०००।–(एक लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला सुर्खेत, बिरेन्द्रनगर नगरपालिका वडा नं. ९, मंगलगडी चोकबाट मिति २०८२।०६।०२ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ । | १,००,०००/- |

| सि.नं | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | २०८२।०६।२४ | टंगाल | श्री जय किसान माध्यमिक विद्यालय धरहरी, रौतहट | प्रधानाध्यापक | प्रधानाध्यापक संजय प्रसाद र बिचौलिया अरविन्द प्रकाश साहकानु | पुरुष २ | शिक्षक नियुक्ति प्रयोजनका लागि | श्री जय किसान माध्यमिक विद्यालय धरहरी, रौतहटमा शिक्षक आवश्यकता भनी खुलाएको विज्ञापनमा सेवाग्राहीले रितपूर्वक दर्खास्त दिएकोमा उक्त बिद्यालयका प्रधानाध्यापक संजय प्रसादले शिक्षक नियुक्तिका लागि बिचौलिया अरविन्द प्रकाश साहकानु मार्फत घुस/रिसवत रु.४,५०,०००।- माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले सेवाग्राहीबाट घुस/रिसवत वापतको रकम रु.४,५०,०००।– (चार लाख पचास हजार रुपैयाँ) बिचौलिया अरविन्द प्रकाश साहकानुले लिइसकेको अवस्थामा निजहरु संजय प्रसाद र अरविन्द प्रकाश साहकानुलाई उक्त रकमसहित जिल्ला पर्सा, बिरगंज महानगरपालिका वडा नं. १३ अदालत रोड स्थित होटलबाट मिति २०८२।०६।२४ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ । | ४,५०,०००/- |

| सि.नं | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | २०८२।०६।२६ | टंगाल | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं | लेखा अधिकृत | ढुण्डी राज दाहाल | पुरुष १ | बिभिन्न सप्लार्स कम्पनी, ठेकेदारहरु लाई नियमानुसार भुक्तानी गर्नुपर्ने बिल रकम भुक्तानी प्रयोजनार्थ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौंमा कार्यरत लेखा अधिकृत ढुण्डी राज दाहालले बिभिन्न सप्लार्स कम्पनी, ठेकेदारहरुलाई नियमानुसार भुक्तानी गर्नुपर्ने बिल रकम भुक्तानी गर्दा घुस/रिसवत वापत रकम लिई कार्यकक्षमा लुकाई राखेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज लेखा अधिकृत ढुण्डी राज दाहाललाई घुस/रिसवत वापतको रकम रु.१,२०,८५०।– (एक लाख बीस हजार आठ सय पचास रुपैयाँ), मोबाइल डिभाइस थान-१(एक) र अन्य सम्बन्धित कागजातहरु सहित निजकै कार्यक्षबाट आज मिति २०८२।०६।२६ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ। | ४,२०,८५०/- |
| जम्माः | | | | | | ९ | | | १६,४१,८५०।- |

### ग. मुद्दा दायर, फैसला र आयोगबाट पुनरावेदनः

यस त्रैमासिक अवधिमा आयोगबाट विशेष अदालतमा २२ वटा मुद्दा दायर भएको छ। मुद्दा दायर, फैसला र आयोगबाट पुनरावेदनको विस्तृत विवरण देहायबमोजिम रहेको छः-

**आ.व. २०८२/०८३ को पहिलो त्रैमासिकसम्मको विवरण**

| विवरण | श्रावण | भाद्र | असोज | जम्मा |
|---|---|---|---|---|
| विशेष अदालतमा मुद्दा दर्ता | ६ | ७ | ९ | २२ |
| लिखित जवाफ दर्ता | १ | ० | १ | २ |
| पुनरावेदन दर्ता | ५ | १५ | ० | २० |
| पुनरावलोकन दर्ता | १ | १ | ० | २ |
| प्रतिउत्तर पत्र दर्ता | ० | ० | ० | ० |
| फैसला प्राप्त | १८ | २७ | ५ | ५० |

### २.२ भ्रष्टाचार नियन्त्रणसम्बन्धी आयोगबाट भएका निरोधात्मक कार्यको विवरणः-

उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र भ्रष्टाचारजन्य कार्यको नियन्त्रणको लागि अपेक्षित परिणाम प्राप्त हुन नसक्ने ठानी भ्रष्टाचार हुनै नदिन वा त्यसलाई रोक्न आयोगले निरन्तर रुपमा निरोधात्मक कार्यहरूलाई अगाडि बढाउदै आएको छ। स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि ३३ वटा जिल्ला (ताप्लेजुङ्ग, पाचँथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, रामेछाप, दोलखा, रसुवा, गोरखा, लमजुङ्ग, मुस्ताङ, मनाङ, गुल्मी, अर्घाखाची, प्युठान, रूकुमपूर्व, रोल्पा, सल्यान, जाजरकोट, कालिकोट, हुम्ला, जुम्ला, डोल्पा, मुगु, रुकुम(पश्चिम), बाजुरा, दार्चुला, बैतडी, डोटी, बझाङ र अछाम) का प्रमुख जिल्ला अधिकारीहरूलाई नेपालको संविधान धारा २३९ को उपधारा ५ बमोजिम र मिति २०७५/०८/२४ को राजपत्रमा प्रकाशित सूचना अनुसार अधिकार प्रत्यायोजन गरिएको छ। जस अनुसार अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले प्रारम्भिक छानबिन गर्ने गराउने र आयोगमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

## २.३ भ्रष्टाचार नियन्त्रणसम्बन्धी आयोगबाट भएका संस्थागत क्षमता विकाससम्बन्धी कार्य

### क) अभिमुखीकरण तालिमः-

आयोग र आयोग मातहत कार्यालयहरूमा पहिलो त्रैमासिक अवधिमा सरुवा भई आएका अधिकृतहरूलाई अनुसन्धानसम्बन्धी आवश्यक जानकारी प्रदान गर्न मिति २०८२ भदौ १ देखि ६ गतेसम्म आयोगको सभाहलमा अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन गरियो। उक्त कार्यक्रममा २९ जना अधिकृतहरूको सहभागिता रहेका थियो।

## ३.आयोगबाट भएका प्रवर्धनात्मक कार्यक्रमहरूको विवरणः-

### ३.१ अन्तर्क्रिया कार्यक्रम

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्न आयोग र आयोग मातहतका ८ वटा कार्यालयहरूबाट मार्फत आ-आफ्नो क्षेत्रमा प्रदेशस्तरीय, जिल्लास्तरीय र पालिकास्तरीयका अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ। यस्ता कार्यक्रमहरूमा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, जिल्लास्तरका सरकारी कार्यालय तथा संस्थानका कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधि, नागरिक समाज, उपभोक्ता समितिका पदाधिकारी, पत्रकारलगायतको सहभागिता हुने गरेको छ। अन्तरक्रिया कार्यक्रमबाट स्थानीय तहले प्रवाह गर्ने सेवासुविधाहरू सेवाग्राहीले सहज ढंगमा पाउन मद्दत पुग्ने र विकास निर्माणका काममा स्थानीय जनताको सहभागिता बढ्ने अपेक्षा गरिएको छ। साथै, स्थानीय तहमा भएको भ्रष्टाचार र अनियमितताको अवस्था बुझ्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्दै स्थानीय तहमा सुशासन प्रवर्धन गर्ने र जनतालाई भ्रष्टाचारविरुद्ध आफैं सक्रिय भएर आयोगको काम कारबाहीमा सहयोग गर्न अपिल गर्नेसमेत कार्यक्रमको उद्देश्य रहेको छ

तालिका ३.१

आर्थिक वर्ष २०८२।८३ को पहिलो त्रैमासिकमा सञ्चालित जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रमको विवरण

| क.सं. | कार्यालय | कार्यक्रम सञ्चालन भएको प्रदेश र जिल्ला | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडा। | भरतपुर महानगरपालिका, चितवन | १ | ३२९ |
| **जम्मा** | | **१ जिल्ला** | **१** | **३२९** |

| तालिका ३.२<br>आर्थिक वर्ष २०८२।८३ को पहिलो त्रैमासिकमा सञ्चालित पालिकास्तरीय अन्तर्क्रिया कार्यक्रमको विवरण | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यालय** | **कार्यक्रम सञ्चालन भएको पालिका र जिल्ला** | **कार्यक्रम संख्या** | **सहभागी संख्या** |
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी। | चैनपुर न.पा. **संखुवासभा** र धनकुटा न.पा.तथा सन्दकपुर गा.पा. **धनकुटा** | ३ | १५६ |
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास। | भँगहा, मोटिहानी, गौशाला र औरही न.पा. **महोत्तरी**, धनुषाधाम र सबैला न.पा. तथा बटेश्वर गा.पा. **धनुषा,** सुनकोशी, गोलन्जोर, फिक्कल र मरिण गा.पा. **सिन्धुली,** धनगढीमाई न.पा. र औरही गा.पा. **सिरहा** । | १३ | ११८१ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा। | विदुर न.पा. **नुवाकोट**, गजुरा न.पा. **रौतहट** र गल्छी गा.पा.**धादिङ्ग**। | ३ | ३१८ |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवल। | *गैडहवा गा.पा.* ***रुपन्देही,*** *शितगंगा न.पा र मालारानी गा.पा.* ***अर्घाखाँची*** | ३ | २९१ |
| ४ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पर्क कार्यालय, नेपालगञ्ज। | *नेपालगञ्ज उ.म.न.पा.* ***बाँके,*** *बारबर्दिया न.पा. जयनगर,* ***बर्दिया*** *र लमही न.पा.* ***दाङ्ग*** | ३ | ५३७ |
| **जम्मा** | | **१४ जिल्ला** | **२५** | **२४८३ जना** |

| तालिका ३.३<br>यस त्रैमासिक अवधिमा आयोगका पदाधिकारी सहभागी भएको अन्तरक्रिया तथा अनुगमन कार्यक्रमको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | अनुगमन भएको कार्यालय | कार्यक्रम भएको मिति/स्थान | आयोगबाट सहभागी हुनुभएका पदाधिकारी |
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडा, मकवानपुर। | २०८२।०४।२६ देखि २०८२।०४।३१ सम्म | माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य |

### ३.२ सञ्चार माध्यममार्फत प्रवर्धनात्मक कार्यः

भ्रष्टाचारविरुद्ध जनचेतना बढाउन आयोगले सूचना प्रविधि तथा सामाजिक सञ्जाल मार्फत सूचना तथा जानकारीमूलक सामग्रीहरू प्रकाशन/प्रसारण गर्दै आएको छ। आयोगको वेबपेज, इमेल, फेसबुक, टोल फ्रि टेलिफोन एवं हटलाइन नं. १०७ मार्फत आयोगमा उजुरी दिन र आयोगका गतिविधिहरूको बारेमा जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। भ्रष्टाचारविरुद्ध आयोगबाट भएका कारबाही एवं अन्य जानकारीमूलक सूचनाहरू आयोगको प्रेस विज्ञप्ति, इ-बुलेटिन, वार्षिक प्रतिवेदन, र अन्य सञ्चार माध्यममार्फत नियमित रूपमा सम्प्रेषण गरिंदै आइएको छ।

### ३.३ "सुशासन सवाल" टेलिभिजन कार्यक्रमः

भ्रष्टाचार विरुद्द सर्वसाधारणमा जागरुकता ल्याउन र जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोग र नेपाल टेलिभिजनको सहकार्यमा "सुशासन सवाल" टेलिभिजन कार्यक्रम मासिक रुपमा हरेक महिनाको दोस्रो मंगलबार साँझ ७:२५ बजे र सोको भोलिपल्ट बिहान पुनःप्रशारण हुँदै आएको छ। उक्त कार्यक्रम आयोगको युट्युब च्यानलमा समेत राखिएको छ। उक्त कार्यक्रम आ.व. २०८२/०८३ को पहिलो त्रैमासिक अवधिमा ३ भाग प्रसारण भएको छ।

### ३.४ "नीति संवाद" टेलिभिजन कार्यक्रमः

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका विषयमा जनचेतना अभिबृद्धि गर्न, प्राज्ञिक बहसको प्रवर्धन गर्न र सरोकारवालाहरूको सहभागिता बढाई मुलुकमा सुशासन कायम गर्न आवश्यक हुने नीति तर्जुमा एवं कार्यान्वयनमा राज्यलाई सहयोग गर्ने उद्देश्यले नीति संवाद टेलिभिजन कार्यक्रम अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल वाच मल्टिमिडिया प्रा.लि. बिच मिति २०८२।०५।०३ गते सम्झौता भई एपी 1 टेलिभिजनबाट प्रत्येक महिनाको अन्तिम आइतबार बेलुका ८:०० बजे एक पटक र सोही माध्यमबाट भोलिपल्ट कम्तिमा एक पटक पुनः प्रशारण हुदै आएको छ। उक्त कार्यक्रम यस आ.व. २०८२।८३ को पहिलो त्रैमासिक अवधिसम्ममा २ भाग प्रसारण भएको छ।

### ४. वार्षिक समिक्षा कार्यक्रमः

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक समिक्षा कार्यक्रम मिति २०८२।०४।०८ र ०९ गते माननीय प्रमुख आयुक्त अध्यक्षतामा सम्पन्न भयो । उक्त कार्यक्रममा आयोगका आयुक्तहरु, सचिव, महाशाखा प्रमुखहरु, मातहत कार्यालयका सबै ८ वटै कार्यालयका कार्यालय प्रमुखहरुको उपस्थिती रहेको थियो। आयोग मातहतका कार्यालयका अन्य कर्मचारीहरु Virtual माध्यमबाट सहभागिता रहेको थियो।

### ५. आयोगको वार्षिक प्रतिवेदन पेशः

आयोगले आफ्नो पैतिसौं वार्षिक प्रतिवेदन (आ.व.२०८१/०८२) सम्माननीय राष्ट्रपति समक्ष मिति २०८२/०६/०५ गते पेश गरेको छ । सो अवसरमा आयोगका माननीय प्रमुख आयुक्त एवं आयुक्तज्यूहरु तथा श्रीमान् सचिवज्यू लगायतका सम्बद्ध कर्मचारीहरुको सहभागिता रहेको थियो।

यसैगरी आयोगका प्रदेशस्थित कार्यालयहरुबाट आयोगको पैतिसौ वार्षिक प्रतिवेदन (आ.व. २०८१/०८२) सात वटै प्रदेशका माननीय प्रदेश प्रमुख समक्षसमेत बुझाउने कार्यक्रम सम्पन्न भएको छ।

**६. आयोगको अनुसन्धान तथा अभियोजन कार्यमा विज्ञान प्रविधिको प्रयोगः**

आयोगले आफ्नो अनुसन्धान तथा अभियोजनको कार्यलाई वस्तुपरक तथा वैज्ञानिक बनाउने उद्धेश्यले सूचना प्रविधिहरूको प्रयोग गर्दै आइरहेको छ।यसै सन्दर्भमा पोलिग्राफ परीक्षण प्रयोगशाला, इञ्जिनियरिङ्ग प्रयोगशालाका साथै फरेन्सिक ल्याब आयोगमा सञ्चालनमा रहेको छ। यस त्रैमासिक अवधिमा अनुसन्धानको सिलसिलामा झुटा बोले नबोलेको पत्ता लगाउने सम्बन्धी झुठा बोलेको ६, परिक्षणका लागि असहमत १७ गरी जम्मा २३ वटा पोलिग्राफ परीक्षण गरिएको छ। साथै, ३३ थान Mobile, ११ थान पेन ड्राइभ, १ थान NVR, १ थान DVR र ५२ थान CD/DVD गरी जम्मा ९८ फरेन्सिक परीक्षण गरिएको छ।

आयोजना निर्माणको गुणस्तर मापनको लागि आयोगको साथै मातहतका सबै कार्यालयहरूमा Engineering Laboratory सञ्चालन गरिएको छ।आयोगबाट गर्न सकिने नमूना परीक्षण आयोगकै Engineering Laboratory मा गर्ने गरिएको र आयोगमा गर्न नसकिने परीक्षण अन्य सरकारी तथा गैरसरकारी निकायमा पठाउने गरिएको छ। यस त्रैमासिक अवधिमा २ वटा आयोजनाहरूको स्थलगत अनुगमन/अध्ययन गरी गरी ल्याइएको विभिन्न निर्माण सामग्रीहरूको २ वटा नमूना परीक्षण (Sample Test) गरिएको छ।